# शहरी विकास तथा भवन कार्यालय बागलुङको अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०९/२२**

जनता आवास जिल्ला समन्वय समिति, बागलुङको मिति २०७६ पौष २१ गतेको निर्णयानुसार यस कार्यालयबाट आ.व. ०७६/०७७ मा जनता आवास कार्यक्रम अन्तर्गत निर्माण गरिने आवास इकाई निर्माण कार्यका लागि लाभग्राही छनौट सम्बन्धमा बागलुङ जिल्ला स्थित सम्पूर्ण स्थानीय तह (न.पा./गा.पा.) मा निवेदन संकलनका लागि यो सूचना सार्वजनिक भएको मितिले १५ दिन भित्र सम्बन्धित स्थानीय तहमा निवेदन दर्ता गराउन को लागि यो सूचना जारी गरीएको छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१) स्थायी रुपमा बसोबास गर्दै आएको प्रमाण ।

२) जग्गा धनी प्रमाण पुर्जा (लालपुर्जा), घर जग्गाको तिरो/शुल्क बुझाएको भए सो सम्बन्धि कागजात वा विगत देखि सो स्थानमा बसोबास गर्दै आएको खुल्ने स्थानीय तहको सिफारिस पत्र ।

३) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज ।

४) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था (फोटो) ।

५) सम्बन्धित स्थानीय तहले लक्षित वर्गभित्र परेको भनि गरेको सिफारिस पत्र ।

६) सम्बन्धित लाभग्राहीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।